

नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, साउन १३ गते २०४३ साल (संख्या १६

भाग ३

श्री ५ को सरकार

सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ११. २१ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय योजना आयोग अन्तर्गतका देहायका पाँच क्षेत्रीय योजना कार्यालयका प्रमुखहरूलाई सोही नियमावलीको अनुसूची १ (क) मा समावेश गरेको छ ।

१. क्षेत्रीय योजना कार्यालय – काठमाडौं
२. क्षेत्रीय योजना कार्यालय – धनकुटा
३. क्षेत्रीय योजना कार्यालय – पोखरा
४. क्षेत्रीय योजना कार्यालय – सुर्खेत
५. क्षेत्रीय योजना कार्यालय – दिपायल

खण्ड २३ मिति २०३०।८।४ संख्या ३१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित प्रादेशिक योजना कार्यालयका प्रमुखहरूलाई मूल अड्डा प्रमुख तोकेको तत्कालीन प्रशासन व्यवस्था विभागको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।